“राष्ट्रिय ध्वजावाहकको पौरख, प्रत्येक नेपालीको गौरव”

नेपाल वायुसेवा

नेपालको पर्यटन प्रवर्द्धनको बलियो आधार

# सन्दर्भः नेपाल वायुसेवा निगमको ६२औँ वार्षिकोत्सव

## नेपाल वायुसेवा निगमको परिचय

वि.सं. २०१५ असार १७ (सन् १९५८ जुलाई १) गते शाही नेपाल वायुसेवा निगमको नामबाट नेपाल वायुसेवा निगमको स्थापना भएको हो । उक्त दिनको सम्झनामा हरेक वर्ष जुलाई १ मा नेपाल वायुसेवा निगमको स्थापना दिवस मनाइन्छ । नेपाल वायुसेवा निगम ऐन २०१९ द्वारा स्थापित राष्ट्रिय ध्वजावाहक वायुसेवा मात्रै नभएर पर्यटन विकासको आधारभूत पूर्वाधार पनि हो । नेपालको उड्डयन क्षेत्रको इतिहास र वर्तमानको धरोहर पनि हो । आफ्नो स्थापनादेखि अविछिन्न रूपमा यसले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गन्तव्यमा व्यावसायिक दायित्व निर्वाहको गर्विलो इतिहास मात्रै कायम गरेको छैन, लोककल्याणकारिताको सम्झन लायक नजिर पनि निर्माण गरेको छ ।

नेपाल वायुसेवा निगम नै नेपालको पर्यटन प्रवर्द्धनको आधिकारिक सम्बाहक हो । राष्ट्रिय ध्वजावाहकको रूपमा यसले गर्नुपर्ने सामाजिक सेवामा आधारित कार्य समेत गर्दै आइरहेको छ । भौगोलिक रूपमा जटिल तथा भूपरिवेष्ठित एवम् विकासशील मुलुकको हवाइ सेवा, त्यो पनि राष्ट्रिय ध्वजावाहकले निभाउनुपर्ने भूमिका निगमले निभाउँदै आएको छ । फितलो सडक सञ्जालले नेपालको यातायात व्यवस्थालाई चुस्त बनाउन नसघाएको हुँदा निगमले हवाई सेवा प्रवर्द्धन गर्दै नेपालको आर्थिक विकासको लागि महत्त्वपूर्ण औजारको कार्यसमेत गरेको छ । निगमको योगदानले विदेशी मुद्रा आर्जन गर्ने मात्रै नभई रोजगारी सिर्जना गर्दै मुलुकको सर्वाङ्गिर्ण विकासमा सकारात्मक भूमिका निर्वाह गरेको छ ।

नेपाल सरकारको पूर्ण स्वामित्वमा सञ्चालित नेपाल वायुसेवा निगम सामाजिक न्यायमा आधारित भएर नेपाल सरकारको अनौपचारिक कूटनीतिक दूतका रूपमा समेत अन्तर्राष्ट्रिय जगतमा नेपालको उपस्थितिलाई सघन बनाउने कार्यमा तल्लिन छ । साथै, पर्यटन प्रवर्द्धन गर्दै विदेशी मुद्रा आर्जन गरेर आर्थिक विकासमा टेवा पुर्‍याउने कार्यमा समेत अनवरत रूपमा लागि परेको छ । राष्ट्रले आत्मसात गरेका विविध दूरदृष्टि एवं उद्देश्यहरूको प्राप्तिमा निगम प्रतिबद्ध रहेको छ । अन्तर्राष्ट्रिय एवं आन्तरिक बजारको विश्लेषण गर्नेदेखि बृहत् कार्य योजना तथा स्रोतसाधन परिचालनको खाका निर्माण गरेर आर्थिक पक्षहरूको विश्लेषणबाट निकालिएको ठोस नतिजालाई मुख्य आधार बनाई निगम आफ्नो गौरवशाली साख फर्काउँदै लक्ष्य हासिल गर्न तत्परताका साथ नै जुटिरहेको छ ।

हाल COVID-19 सिर्जित महाव्याधिले निम्त्याएको विश्वव्यापी सङ्कटको अवस्थामा पनि चीनको वुहानमा रहेका नेपालीको उद्धार गरी स्वदेश फर्काउने कार्यमा निगमले तत्परता देखायो । नेपाल सरकारको समन्वयमा Medical Supply का सामग्रीहरू ढुवानी गर्न कार्गो चार्टर्ड उडान सम्पन्न गरेको निगमले अस्ट्रेलियामा रहेका नेपालीको उद्धारका निम्ति आफ्नो उडान इतिहासकै अधिकतम लामो दूरीको ऐतिहासिक (१२ घण्टाभन्दा लामो दूरीको)




कोभिड-१९ महाव्याधीमा नेपाल वायुसेवा निगमले उद्धार उडान गरिएका मुलुकहरू

उडानसमेत सम्पन्न गरेको छ । तसर्थ, निगमले राज्यका हरेक आवश्यकता र अफ्ठ्यारोमा आफ्नो निर्णायक उपस्थिति देखाउँदै आएको मात्रै छैन, विश्वका जुनसुकै कुनामा रहेका नेपालीलाई निगमले राष्ट्रिय ध्वजावाहक हुनुको आभाष र गौरवसमेत दिलाउँदै आएको छ ।



चीनको वुहानमा कोभिड-१९ प्रभावित नेपालीको उद्धार गर्ने क्रममा ।

## निगमको इतिहासका उल्लेखनीय घटनाक्रम:

| मिति | घटना |
|---|---|
| १९५८ | नेपाल वायुसेवा निगमको स्थापना । |
| १९६० | अमेरिकी सहायता अन्तर्गत तीनवटा डी.सी-३ डकोटा प्राप्त । |
| १९६१ | स्वीट्जरल्याण्डको सहायताबाट दुईवटा पी.सी-६ पिलाटर्स पोर्टर जहाज प्राप्त । |
| १९६२ | पाकिस्तानको अन्तर्राष्ट्रिय सेवा (पी.आइ.ए) बाट एक डकोटा जहाज खरिद । |
| १९६३ | दुईवटा डीसी-३ डकोटा जहाज खरिद-एक डच एयरलाइन्सबाट र अर्को बेलायतबाट । |
| १९६४ | चार वटा डी.सी-३ डकोटा जहाज खरिद र धनगढीमा हवाइ सेवा प्रारम्भ । सोभियत सहायता अन्तर्गत दुई वटा एम. आई-४ हेलिकप्टर प्राप्त । |
| १९६६ | एफ.-२७ फोकर फेण्डसीप टर्बो पप जहाजको युग प्रारम्भ । |
| १९७० | हवाइ जहाजहरूको पंक्तिमा हकर सिडले नामक कम्पनीको एच.एस-७४८ एभ्रो जहाज थप । प्रशासन सुधारको लागि एयर फ्रान्स हवाई सेवासँग तीन वर्षको सम्झौता । आफ्नो भवनमा निगमको मुख्यालय सरेको । |
| १९७१ | अस्ट्रेलियाबाट दुईवटा डी.सी-३ डकोटा जहाज, क्यानडाबाट दुईवटा ट्वीनअटर (डी.एच.सी-६) र दुईवटा पिलाटस पोर्टर प्राप्त भई देशभरि हवाइसेवा सञ्चालन । |
| १९७२ | बोइङ ७२७/१०० को खरिदबाट जेट युगको सुरूवात । दिल्ली, कोलकाताका अतिरिक्त बैंककसम्मको सेवा प्रारम्भ । सानो जहाजबाट जुम्ला, तुम्लिङटार लामिडाँडाको हवाइ सेवा विस्तार । |
| १९७७ | एउटा डी.एच.सी-६ ट्वीनवट्टर उपलब्ध गरी सिमिकोटसम्म सेवा चलाइयो । श्रीलंकाको कोलोम्बोमा निगमले सन् १९७७, मार्च १९ देखि आफ्नो हवाई सेवा विस्तार गर्‍यो । |
| १९७८ | ७२७/१०० दोस्रो बोइङ खरिद गरी बेलायतसँग भएको सम्झौतानुसार हङकङ र ब्रुनाइबाट चार्टर सेवा प्रारम्भ । |
| १९८२ | हङकङसम्म सेवा विस्तार गरिनुका साथै ढाका र रंगुनसम्म पनि सेवा विस्तार । |
| १९८३ | कराँची र दुबईबीच आवागमनको सीमित अधिकार प्राप्त पाकिस्तानसँग हवाई सम्झौता । |
| १९८४ | पर्यटकहरको चाप र बजारको सम्भाव्यतालाई ध्यानमा राखेर १५ अक्टोबर १९८४ देखि सिंगापुरसम्म आफ्नो नियमित सेवा प्रारम्भ । |
| १९८७ | दुइवटा ७५७ बोइङ खरिद । काठमाडौं-फ्र्याङकफर्ट संयुक्त उडानको लागि जर्मनीको लुफ्थान्सासँग नयाँ सम्झौता । |
| १९८८ | काठमाडौं-ल्हासा नियमित चार्टर उडान आरम्भ । |
| २०१४ | चीन सरकारको अनुदानको वाइ १२ ई र एम.ए ६० विमानको प्राप्ति । |
| | ३ वटा वाइ १२ ई र एउटा एम.ए ६० विमान खरिद । |
| २०१५ | दुईवटा ए ३२०-२०० एयरबस विमान खरिद । |
| २०१८ | २८ जुन २०१८ मा पहिलो ए३३०-२०० एयर बस विमान खरिद । |
| २०१८ | २६ जुलाई २०१८ मा दोस्रो ए३३०-२०० एयर बस विमान खरिद । |

## निगमका कार्यहरू:

### उडान कार्य :

स्थापना कालदेखि नै निगमले आन्तरिक उडानतर्फ दुर्गम तथा विकट क्षेत्रमा निरन्तर सहुलियतपूर्ण रूपमा हवाई सेवा प्रदान गरेर राष्ट्रको भरपर्दो अङ्गको रूपमा प्रकार्य गर्दै आइरहेको छ । त्यति मात्रै नभई, अन्तर्राष्ट्रिय उडानमार्फत पर्यटन उद्गम स्रोत मुलुकबाट बढी भन्दा बढी पर्यटक भित्र्याएर देशको कुल ग्रार्हस्थ उत्पादनमा उल्लेख्य योगदान समेत पुर्‍याइरहेको छ । निगमको सेवा विस्तारले नेपालको पर्यटन उद्योगले भरपर्दो साझेदार तथा कुशल प्रवर्द्धक पनि पाएको छ ।

### भूमिस्थ सेवा (Ground Handling) :

निगमको अर्को मुख्य कामको रूपमा यसले आफ्नो र विदेशी विमान सेवाहरूको ग्राउण्ड ह्याण्डलिङ (Ground Handling) को कार्य गर्दै आइरहेको छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गर्ने विदेशी एयरलाइन्सहरूका विमान, यात्रु तथा कार्गो ढुवानी पछिको आय आर्जन गर्ने दोस्रो ठूलो स्रोतको रूपमा ‘ग्राउण्ड ह्याण्डलिङ’लाई पहिचान गरेको छ ।

### जन कल्याणकारी सेवा :

स्वदेश तथा विदेशका नेपाली संकटमा परेको अवस्थामा निगमले उद्धार गर्दै आइरहेको छ । हालै कोभिड-१९ सिर्जित विश्वव्यापी महाव्याधिबाट चीनको वुहानमा प्रभावित नेपाली नागरिकको उद्धारमा राष्ट्रिय ध्वजावाहकको हैसियतमा नेपाल वायुसेवा निगमले नै सेवा प्रदान गर्‍यो । कडा रोग लागेका नेपालीलाई र ज्येष्ठ नागरिकको सम्मानस्वरूप नेपाल वायुसेवा निगमले ७० वर्ष नाघेका नेपाली नागरिकका लागि आन्तरिक उडानको भाडामा ५० प्रतिशत छुट समेत दिँदै आएको छ । क्यान्सर पीडितलाई निःशुल्क टिकटको व्यवस्था र निगमले नेपाल रेडक्रसको सहयोगमा रक्तदान कार्यक्रम समेत सम्पन्न गर्ने गरेको छ । त्यसैगरी, सन् २०१६ को जुन २० मा अफगानिस्तानको काबुलमा भएको बम आक्रमणका घाइते नेपालीको तत्कालिक उद्धार तथा १४ नेपाली कामदारको मृत शरीरलाई स्वदेश ल्याउने कार्यमा पनि निगमको भूमिका उल्लेखनीय रह्यो ।

## नेपाल वायुसेवा निगमको कार्य सम्पादनका सिद्धान्तहरूः

**(SERPAC) Safety/Security, Economy, Reliability, Punctuality, Accessibility & Competitiveness.**

### सुरक्षा (Safety/Security) :

उडान अवधिमा यात्रुको जीवन रक्षा नै नेपाल वायुसेवा निगमको पहिलो सर्त र सिद्धान्त हो । तसर्थ हाम्रो मन्त्र नै 'Safety First' हो ।

### मितव्ययिता (Economy) :

Value for Money (मौद्रिक मूल्य सार्थकता) खोज्न निरन्तर लागिरहने र सर्वसुलभ रूपमा सेवा प्रदान गरिन्छ ।

### विश्वासनीयता (Reliability) :

आम रूपमा सेवाप्रतिको विश्वास नै सेवाग्राहीहरूको मन र मस्तिष्क जित्ने औजार हो । यसैलाई प्राथमिकता तोकेर प्रत्येक क्षण गुणस्तरीय सेवा प्रदान गर्ने प्रतिवद्धतामा अडिग छौं, रहन्छौं र रहिरहने छौं ।

### भरपर्दोपना (Punctuality) :

मध्यपूर्व (खाडी) तथा मलेसियासम्म वैदेशिक रोजगारीमा जाने आउने नेपाली दाजुभाई दिदी बहिनीहरूलाई भरपर्दो हवाई यातायात सेवा प्रदान गर्दै आइरहेका छौं ।

### सहज पहुँच (Accessibility) :

नेपालको राष्ट्रियस्तरमा विभिन्न २५ स्थानबाट र अन्तर्राष्ट्रियस्तरमा ७ मुलुकको ९ गतव्य स्थानमा सेवा विस्तार गरेका छौं । Online Ticketing System and e-payment को व्यवस्था गरिएको छ ।

### प्रतिस्पर्धाका आधारमा सेवा (Competitiveness) :

वायुसेवा विश्वव्यापी रूपमा प्रतिस्पर्धामा आधारित व्यवसाय भएकोले प्रतिस्पर्धामा खरो उत्रिदै टिकटदर, गुणस्तरीयता कायम गर्दै नेपालभर तथा बाहिर सर्वत्र सुरक्षित कुशल, सुव्यवस्थित, किफायत र उचित रूपबाट सम्बन्धित हवाई यातायात सेवाको व्यवस्था गर्नु निगमको सिद्धान्त हो ।

| निगमद्वारा हाल उडान सञ्चालन गरिरहेका गन्तव्यहरू : | उडान सञ्चालनको योजनामा रहेका निगमका नयाँ गन्तव्यहरू : | निगमले बजार अध्ययन गरिरहेका थप नयाँ गन्तव्यहरू : |
|---|---|---|
| नारिता (जापान) | रियाद (साउदी अरेविया) | बेइजिङ (चीन) |
| दिल्ली (भारत) | सिउल (दक्षिण कोरिया) | साङ्घाई (चीन) |
| मुम्बइ (भारत) | ग्वाङजाउ (चीन) (उडान अनुमति प्राप्त भइसकेको) | ढाका (बंगलादेश) |
| हङकङ (चीन) | | हनोइ (भियतनाम) |
| बेङलोर (भारत) | | नोम् पेन (कम्बोडिया) |
| दोहा (कतार) | | कोलम्बो (श्रीलंका) |
| दुवई (युएई) | | |
| क्वालालम्पुर (मलेसिया) | | |
| बैंकक (थाइल्याण्ड) | | |

## निगमले आत्मसात गरेका नवीन कार्यहरू :

- ❖ Commencement of online ticketing of International sectors.
- ❖ B2C Domestic Online Ticketing on Trunk Sectors
- ❖ Corporate Software Implementation (ARMS)
- ❖ ISO 9001, 2015 certified Engineering CAMO Department
- ❖ Airbus 330 Line Maintenance 145 Approval from CAAN
- ❖ MA60 and Y12E Base Maintenance 145 Approval from CAAN
- ❖ IATA Safety Audit for Ground Operations (ISAGO) certification continuation
- ❖ A330 NAC Part 145 approval (with in-house 5 nos. A330 AME’s )
- ❖ परम्परागत Flight Dispatch Office बाट N-tracking/N-RAIM/ACARS/VHF AOCC २४ घण्टे shift मा Flight Dispatch खटाई ICAO को मापदण्ड अनुसार Integrated Operation Control Centre (IOCC) मा परिणत गरेको ।
- ❖ निगमका पाइलटहरूको मापसे जाँचको लागि Biometric sensing, recording capability भएको ISO 9001 certified अत्याधुनिक Breathalyzer को स्थापना तथा लागु गरिएको ।
- ❖ कर्मचारीसम्बद्ध विवरणहरू आवश्यकता अनुरूप तत्कालै प्राप्त गर्न सकिने गरी व्यवस्थापन गर्न PIS (Personnel Information System) Software Install गरी Personnel Information व्यवस्थापन गर्ने कार्य भइरहेको छ ।



अष्ट्रेलियामा रहेका नेपालीहरूको उद्धार गर्ने क्रममा १२ घण्टाभन्दा लामो दूरीको ऐतिहासिक उडान गर्दै निगमको जहाज ।

## निगमद्वारा सम्पन्न थप कार्य तथा गतिविधिहरू :

- विश्वव्यापी महाव्याधी COVID-19 बाट प्रभावित भई चीनको वुहानमा रहेका १७५ जना नेपालीको मिति २०२० फेब्रुअरी १५ मा उद्दार गरी स्वदेश फर्काइएको ।
- विदेशी विमान सञ्चालकको लागि आवश्यक पर्ने Certificate of Release to Service सेवा थप गरिएको ।
- विमानको Disinfection सेवा थप गरिएको ।
- Recovery of Disabled Aircraft (RODA) Facility (Tools/Kits & team) व्यवस्था मिलाइएको ।
- लकडाउनमा चार्टर्ड तथा उद्धार उडानको ह्याण्डल गरिएको ।
- नेपाल सरकारको समन्वयमा Medical Supply को सामानहरू चीनबाट ल्याउन ९ वटा कार्गो चार्टर उडान गरिएको ।
- नेपालमा फसेका ब्राजिल, अष्ट्रेलिया, माल्दिभ्स, हङकङ र जापान लगायतका नागरिकहरूलाई सम्बन्धित दूतावासको समन्वयमा उद्धार गरी २८ वटाभन्दा बढि उडान मार्फत सम्बन्धित मुलुक फर्काइएको ।
- नेपालको लुक्लामा फसेका विभिन्न मुलुकका विदेशी नागरिक र नेपाली ट्रेड/ट्राभल एजेन्सीको सहयोगीहरूलाई ७ वटा उद्धार उडान गरी काठमाडौं ल्याइएको ।
- नेपाल सरकार, स्वास्थ्य सेवा विभागको समन्वयमा COVID-19 को SWAB Collection



चीनबाट स्वास्थ्य सामग्री ढुवानी गर्दै ।

गर्न Medical Relief Flight सञ्चालन गरिएको ।

- विभिन्न २५ मुलुकमा रहेका नेपालीको उद्धार गर्न सहुलियतपूर्ण रूपमा Repatriation Flight सञ्चालन गरिरहेको ।
- निगमको वित्तीय विवरण सम्बन्धी Due Diligence Audit को मस्यौदा प्रतिवेदन प्राप्त भइ कार्यकारिणी समितिमा छलफल समेत भइसकेको र अन्तिम प्रतिवेदन प्राप्तिको चरणमा रहेको ।

# नेपाल वायुसेवा निगमको ६२औँ वार्षिकोत्सव

प्रधानमन्त्री

काठमाडौं, नेपाल



## शुभकामना

नेपाल वायुसेवा निगम ६३औँ वर्ष प्रवेश गरेको अवसरमा निगम परिवार र यससँग आबद्ध सबैमा शुभकामना व्यक्त गर्दछु। यस अवसरमा पर्यटन एवं व्यापार क्षेत्रमार्फत् देशको अर्थतन्त्रमा उल्लेखनीय भूमिका निर्वाह गर्दै आइरहेको राष्ट्रिय ध्वजावाहक निगमको उत्तरोत्तर प्रगतिको कामना गर्दछु।

निगमले आफूले पुऱ्याउनु पर्ने सेवाको क्षेत्रमा नागरिक सन्तुष्टि अभिवृद्धि गर्दै अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय पहिचान प्रवर्द्धन गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ। ६३औँ वर्ष प्रवेशको यस अवसरमा निगमले आफ्नो भूमिकालाई अझ व्यापक र प्रभावकारी बनाउनेछ भन्ने विश्वास लिएको छु।

कोभिड -१९ को विश्वव्यापी महामारीले हाम्रो सामाजिक जीवन, स्वास्थ्य क्षेत्र, अर्थतन्त्र र व्यवसायमा ठूलो धक्का दिएको छ। पर्यटन क्षेत्रको विकास र प्रवर्द्धनका लागि हामीले निकै ठूलो तयारीसाथ परिणाममुखी कार्यक्रम अघि सारेर सन् २०२० लाई नेपाल भ्रमण वर्षका रूपमा स्थापित गर्ने तयारी गरेका थियौँ। यस्तो बहुपक्षीय लाभको कार्यक्रम कार्यान्वयनमा ल्याउने उद्देश्यसहित पर्यटन प्रवर्द्धनमा सरकारले पूर्वाधार विकासदेखि पर्यटक आकर्षण गर्ने गतिविधि सञ्चालन गर्दै आइरहेको थियो। यही समयमा विश्वव्यापी महामारीको रूपमा देखापरेको कोरोना भाइरस ( कोभिड-१९) को सङ्क्रमणले हाम्रो अभियानलाई ठूलो धक्का पुग्यो। अब हामीले यस्तो अनपेक्षित चुनौतिको सामना गर्दै नयाँ सोच र कार्यनीति सहितको सामूहिक प्रयासले पर्यटन क्षेत्र लगायत समग्र अर्थतन्त्रलाई गतिशील बनाउनु पर्नेछ।

निगमले लकडाउनको अवस्थामा औषधि लगायतका अत्यावश्यक स्वास्थ्य सामग्रीको आपूर्ति गर्ने, चार्टर उडानको माध्यमले विदेशी नागरिकहरूलाई आ-आफ्नो देश पुऱ्याउने र विदेशमा रहेका नेपालीहरूलाई स्वदेशमा ल्याउने जस्ता महत्त्वपूर्ण सेवा प्रवाह गर्दै सङ्कटको घडीमा आफ्नो भूमिका पुष्टि गरिसकेको छ। त्यसका लागि निगमलाई धन्यवाद भन्न चाहन्छु। सेवा प्रवाहमा विश्वसनीयता, पारदर्शिता, इमानदारिता कायम राख्दै **समृद्ध नेपाल-सुखी नेपाली**को राष्ट्रिय आकाङ्क्षा पूरा गर्न यस निगमले विशेष भूमिका खेल्नेछ भन्ने विश्वास लिएको छु।

अन्त्यमा, आन्तरिक क्षमता वृद्धि गर्दै हवाई सेवाको क्षेत्रमा देशको सक्षमता अभिवृद्धि गर्ने नीतिलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न सफलता मिलोस् भन्ने शुभेच्छासाथ निगमको उत्तरोत्तर प्रगतिको कामना गर्दछु।

१० असार, २०७७

के.पी. शर्मा ओली

---

नेपाल सरकार

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

सिंहदरबार, काठमाडौं, नेपाल

योगेश भट्टराई

मन्त्री

पत्र संख्याः

च. नं.:



## शुभकामना

नेपाल वायुसेवा निगम स्थापनाको ६३औँ वर्ष प्रवेशको अवसरमा निगम परिवार तथा पर्यटन एवं नागरिक उड्डयन क्षेत्रसँग सम्बद्ध सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

स्थापनाकालदेखि हालसम्म आइपुग्दा नेपाल वायुसेवा निगमले अनेकौँ चुनौतिहरूको सामना गर्दै अगाडि बढिरहेको छ। आजको तीव्र प्रतिस्पर्धाको समयमा आफूलाई श्रेष्ठ सावित गर्नका लागि नियमित, भरपर्दो र सुरक्षित उडान यसको सफलताका आधारस्तम्भ हुन्। नेपालको हवाई यातायातको साखलाई अन्तर्राष्ट्रिय स्तरमा स्थापित गराउने उद्देश्य बोकेको राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगमले ती आधारभूत सर्तहरूमा सम्झौता गर्नुहुँदैन। नयाँ नयाँ गन्तव्यहरूको खोजी गर्दै आफ्नो छविलाई अन्तर्राष्ट्रिय स्तरमा प्रवर्द्धन गर्ने कार्यमा इमान्दारिता र प्रतिबद्धताका साथ लाग्न जरूरी देखिन्छ। त्यस्तै निगमलाई व्यावसायिक रूपमा दरिलो बनाउन यसको चल अचल सम्पत्तिको व्यावसायिक प्रयोग पनि उत्तिकै आवश्यक छ।

सदाचारिता पारदर्शिता मितव्ययिता एवं उत्तरदायित्व निगमको व्यावसायिक सफलताका पूर्व सर्तहरू हुन्। यसका लागि सकारात्मक सोचसहितका गतिशील ऊर्जावान् एवं व्यावसायिक क्षमतायुक्त जनशक्ति तयार गरी नवीन प्रविधिको प्रयोगलाई व्यापक बनाउन जरूरी देखिन्छ।

राष्ट्रिय ध्वजावाहकको दायित्व पूरा गर्नमा निगमले खेलेको भूमिका उल्लेखनीय छ। जनतालाई सेवा दिनुपर्ने राज्यको दायित्व पूरा गर्न यसले व्यावसायिक प्रतिफल मात्र नहेरेर कतिपय दुर्गम स्थानहरूमा पनि हवाई सेवा प्रदान गर्दै आएको छ। पछिल्लो समय कोरोना महामारीका बावजुद विदेशमा अलपत्र परेका नेपालीहरूलाई स्वदेश फर्काउन र स्वास्थ्य सामग्री ढुवानी गर्न निगमले जुन दायित्व पूरा गरेको छ त्यो प्रशंसनीय छ।

कोरोना भाइरस (कोभिड -१९) का कारण विश्व अर्थतन्त्र हवाई उडान तथा पर्यटन क्षेत्रमा देखा परेका प्रतिकुलताहरू निगमका लागि ठूला चुनौतिका रूपमा देखा परेका छन्। ती चुनौतिहरूको सफलतापूर्वक सामना गर्नुबाहेक निगमसँग अर्को विकल्प छैन। यसमा निगमको नेतृत्व खरो उत्रनेछ भन्ने विश्वास लिएको छु। आगामी दिनमा निगमले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई सेवाको क्षेत्रमा आफ्नो पहिचानलाई अझ सशक्त बनाउन सफल होस भन्ने शुभकामना व्यक्त गर्दै प्रस्तुत प्रकाशनको पूर्ण सफलताको कामना गर्दछु।

१२ असार, २०७७

योगेश भट्टराई

फोन नं.: +९७७-१-४२११८७९ (कार्यालय), फ्याक्स : +९७७-१-४२११७५८, इमेल : yogesh.bhattarai@nepal.gov.np, वेबसाइट : www.tourism.gov.np

---

नेपाल सरकार

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

E-mail: motca@ntc.net.np

फ्याक्स नं.: ४२११७५८

४२११८४६
४२११६८५
४२११७८५
४२११५९६

सिंहदरबार, काठमाडौं, नेपाल ।

पत्र संख्याः-

च.नं.



## शुभकामना

नेपाल वायुसेवा निगमले आफ्नो अनवरत सेवाको ६२ वर्ष पूरा गरी ६३ वर्ष प्रवेशको उपलक्ष्यमा निगमसँग सम्बन्धित सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछु। नेपालको हवाई उड्डयन क्षेत्र र पर्यटन क्षेत्रको श्रीवृद्धिमा पुऱ्याउँदै आएको योगदानको प्रशंसा गर्न चाहन्छु। सडक पहुँच नपुगेका नेपालका विकट दुर्गम क्षेत्रमा हवाई यातायात पहुँचमा यसले उल्लेखनीय काम गर्दै आएको छ। त्यस्तै अन्तर्राष्ट्रिय हवाई पहुँचको माध्यमबाट विश्वका विभिन्न देशहरूमा गन्तव्य कायम गर्दै नेपाली पहिचानलाई समेत प्रवर्द्धन गर्न सहयोग गरेको छ।

नेपाल वायुसेवाको प्रशंसनीय इतिहासमा पछिल्लो केही समयदेखि प्रभावकारिता कम देखिन थालेको छ। आन्तरिक हवाई यातायात सेवामा रहेको यसको अधिपत्यमा अहिले ग्रहण लागेको अवस्था छ। बाह्य बजारमा विगत केही वर्षदेखि फेरि बजार हिस्सा बढाउन थाले पनि निजी क्षेत्र र विदेशी वायुसेवा कम्पनीसँगको प्रतिस्पर्धा आउने दिनका कठिन चुनौतीहरू हुन्।

निगमले विभिन्न आरोह अवरोह पार गर्दै आएको सन्दर्भमा अहिले कोरोना भाइरस (कोभिड-१९) का कारण ठूलो आर्थिक समस्या व्यहोरिरहेको छ। विश्वका धेरै देशका वायुसेवाले या त आफ्नो वायुयानको सङ्ख्या घटाएका, वायुयान विघटनको जोखिममा पुगेका, नयाँ विमान खरिद स्थगन गरेका जस्ता दुःखद समाचारहरू आइरहेका छन्। नेपालको वायुसेवा र खास गरी निगम आफैँ पनि यो सङ्कट व्यहोरिरहेको छ। कोभिड-१९ को कारण बाह्य उडान बन्द भए पनि यस अवधिमा निगमले कार्गो उडान तथा यात्रु उद्धार कार्यमा प्रशंसायोग्य कार्य गरेको छ। यसबाट राष्ट्रिय ध्वजावाहक हवाई यातायातको महत्त्व अझ पुष्टि भएको छ। साथै विश्व बजार र आन्तरिक हवाई क्षेत्रमा अग्रणी संस्थाको रूपमा रहन निगमले अझ बढि परिश्रम गर्न आवश्यक देखिएको छ। निगमको लामो अनुभव भएका जनशक्तिबाट यस अफ्ठ्यारो अवस्थालाई अवसरका रूपमा लिई निगमको कार्य विस्तार र व्यावसायिकता बढाउँदै जानेछन् भन्ने विश्वास लिएको छु।

निगमको ६३औँ वर्ष प्रवेशले यसको कार्यमा उत्साह, उमङ्ग र सक्रियता ल्याउन मद्दत गर्ने कुरामा म विश्वस्त छु। राष्ट्रिय ध्वजावाहकको रूपमा यसको निरन्तर विकास हुँदै जाओस् भन्ने अभिलाषासहित निगमको उत्तरोत्तर प्रगतिका साथै सम्बन्धित सबैको सफलताको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु।

केदार बहादुर अधिकारी
सचिव
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

"निजामती सेवाको मान्यता, अनुशासन, इमान्दारी र नैतिकता"

---

नेपाल वायुसेवा



## कार्यकारी अध्यक्षको प्रतिबद्धता

नेपाल वायुसेवा निगमले आफ्नो निरन्तर सेवाको ६२ वर्ष पूरा गरी ६३औँ वर्ष प्रवेशको अवसरमा सम्बन्धित सबैमा शुभकामना व्यक्त गर्दछु।

नेपालको अर्थतन्त्रमा पर्यटन क्षेत्रको उल्लेखनीय योगदान रहँदै आएको छ भने भविष्यमा पनि यसले निरन्तरता पाउने कुरामा विश्वस्त रहेको छु। पर्यटन क्षेत्रकै एउटा प्रमुख आधार बन्दै आएको नेपाल वायुसेवा निगम यसपल्ट विश्वमै फैलिएको कोरोना भाइरस (कोभिड-१९) को सङ्क्रमणबाट प्रभावित भएको छ। यस्तो अवस्थामा पनि निगमले विदेशमा अलपत्र परेका नेपाली नागरिकहरूलाई स्वदेश फिर्ता गर्ने तथा नेपालमा रहेका विदेशी नागरिकलाई उनीहरूको देशमा पुऱ्याउने हवाई उडान सञ्चालन गर्दै नेपालको हवाई उड्डयनको इतिहासमा पहिलो पटक अस्ट्रेलिया उडान गरेको छ। यस्तो अवस्थामा पनि निगमले यात्रुहरूको परिवहनसँगै स्वास्थ्यसँग सम्बन्धित उपकरण र वस्तुहरूको आपूर्तिमा पनि आफ्नो दायित्व निर्वाह गर्दै आएको छ।

निगमले आफ्नो इतिहासकालमा विभिन्न आरोह अवरोह पार गर्दै आएको छ, तापनि अहिलेको जस्तो असाधारण अवस्थाको अनुभूति गर्नु परेको थिएन। अन्तर्राष्ट्रिय उडानहरूमा क्रमशः उपलब्धि हासिल गर्दै सफलतातर्फ गति बढाइरहेको अवस्थामा हालको अवस्थाले शिथिलता आएको छ, तर केही समयपछि कोरोना प्रकोपबाट विश्व बाहिरिन सक्ने विश्वासका साथ वर्तमान चुनौतीलाई अवसरको रूपमा बदल्नेतर्फ हाम्रो प्रयास परिलक्षित रहनेछ। पर्यटन क्षेत्रको विकासमा राष्ट्रिय ध्वजावाहकको महत्त्वपूर्ण भूमिका रहने भएकोले नेपाल सरकारले यसको विकासमा सकारात्मक सहयोग पुऱ्याउने लक्ष्यसहित प्रस्तुत बजेटले निगमलाई सहयोग पुग्ने अपेक्षा गरिएको छ। उडानहरू नियमित हुन थालेसँगै निगम उच्च व्यवस्थापन र यसका दक्ष अनुभवी जनशक्तिको सामूहिक प्रयासमा अग्रगति दिन सफल हुने विश्वास लिएको छु।

भविष्य उज्यालो छ भन्ने आशावादी अवधारणा राख्दै नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पर्यटन व्यवसायी र यात्रुहरूबाट विगतमा प्राप्त सहयोग भविष्यमा पनि निरन्तर प्राप्त भइरहने विश्वास राख्दै सबैमा हार्दिक आभार व्यक्त गर्दछु। निगमका कुशल एवं कर्मशील कर्मचारीहरूबाट पाइआएको कर्तव्यपरायणता प्रति धन्यवाद ज्ञापन गर्दै आफ्नो सेवालाई नियमित एवं विश्वसनीय बनाउँदै पर्यटन क्षेत्रको विकासमा उच्चतम प्रतिफल पाउने गरी सक्रिय रहने प्रतिबद्धता व्यक्त गर्दछु।

सुशील घिमिरे
कार्यकारी अध्यक्ष